नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

प.सं. : २०७६/७७/१(१)२४
च.नं. : ९५९६

मिति :- २०७६/१२/०७

**विषयः- कोरोना भाइरस (COVID -19) बारे जानकारी एव सजगता अपनाउने सम्बन्धमा ।**

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री राष्ट्रिय सहकारी विकास वोर्ड, हरिहरभवन, पुल्चोक ।

प्रस्तुत विषयमा कोरोना भाइरस (COVID -१९) वाट नेपाल पनि उच्च जोखिममा रहेको हुँदा यसवाट वच्न बिभिन्न उपायहरु अपनाउनु अति जरुरी भइसकेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिमका कारण नेपालले पनि उच्च सजगता अपनाउनु पर्ने अवस्थाका सन्दर्भमा देहायका बिषयहरुलाई समेत ध्यान दिई कोरोना भाइरस संक्रमणको जोखिमवाट बच्ने उपायहरु अपनाउन तथा स्वास्थ्य सुरक्षा संबेदनशील रहन तहाँ र मातहत कार्यालयहरुमा समेत जानकारी एवं सजगता अपनाउने व्यवस्था लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

१. कार्यस्थलमा जाँदा सङ्क्रमण रोकथामका आधारभूत उपायहरु (मास्क, साबुन, पानी, स्यानीटाइजर आदि) अपनाउने र अपनाउन लगाउने ।
२. समय समयमा साबुन पानीले हातधुने सेवाग्राहीहरुलाई समेत सम्भव भएसम्म सो व्यबस्था मिलाइ सरसफाई र Disinfection मा विशेष ध्यान दिने ।
३. जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी कार्यालयको टोकन प्रणाली र भिडलाई व्यवस्थित गर्ने ।
४. सरकारवाट जारी भएका निर्णय तथा निर्देशनहरुको पालना गर्ने । हल्ला र अफवाहबाट भ्रमित र प्रभावित नहुने ।
५. सरकार वा सरकारका आधिकारीक निकाय तथा संस्थाहरुले जारी गर्ने सूचना र जानकारीलाइ मात्र आधार मान्ने । सावधान रहने तर आतंकित नहुने ।
६. चिकित्सक, विज्ञ तथा स्वास्थ्य प्रविधिकहरुको सल्लाहलाई पालना गरी धैर्यता कायम राख्ने र संयमता अपनाउने ।
७. सकेसम्म कार्यालयमा भिडभाड हुन नदिने । भिडभाड हुने स्थानहरुमा नजाने ।
८. हिडडुल गर्दा माक्सको प्रयोग गर्ने ।
९. भेटघाटमा हात मिलाउने अंकमाल गर्ने भन्दा नमस्कार गर्ने ।
१०. अति आवश्यक काममा बाहेक अन्य समयमा बाहिर ननिस्कने । आदि ।

७६।१२।७

(टोलराज उपाध्याय)
उप-सचिव